# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ०८ | बुटवल | २०८२ पौष १८ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday January 02, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन**

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवा सुविधामा पहुँच बढाऔं ।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं । - सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं ।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं ।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं ।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं ।

**परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं ।**

नेपाल सरकार विज्ञापन बोर्ड


## उद्योग परिसरमा दुई कामदार मृत अवस्थामा

बुटवल । पश्चिम नवलपरासीस्थित एक उद्योगमा कार्यरत एकजना विदेशीसहित दुई जना मजदुरको मृत्यु भएको छ । मृतकका आफन्तले भने प्रदर्शन गरेका छन् । तनावको अवस्था सृजना भएपछि उद्योग परिसरमा अहिले प्रहरी परिचालन गरिएको छ ।

बुधबार टायल बनाउने क्रममा ग्यासको प्रयोग गरेर काम गरिरहेका ती मजदुरको मृत्यु भएको हो । बर्दघाट नगरपालिका-१२ स्थित कजारिया टायल्स उद्योगमा कार्यरत ती मजदुरको मृत्यु भएको हो । उनीहरुको शव बिहीबार बिहान फेला परेको हो ।

एक भारतीय र एक जना नेपाली मजदुरको मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका प्रमुख अनुपम श्रेष्ठका अनुसार मृत्यु हुनेमा बर्दघाट नगरपालिका-१३ धनेवाका ४० वर्षीय होमबहादुर थापा र भारत उत्तर प्रदेश प्रतापगढ जिल्लाका ३० वर्षीय विनोद कुमार छन् ।

उद्योगले कामदार सुतिरहेको अवस्थामा मृत्यु भएको दाबी गरे पनि स्थानीय र मृतकका आफन्तले अहिले उद्योगको लापरबाहीले मृत्यु भएको भन्दै उद्योगविरुद्ध प्रदर्शन गरिरहेका छन् ।

उद्योगको ग्यासी फायरमा सुतिरहेको अवस्थामा उनीहरु मृत अवस्थामा फेला परेको र थप अनुसन्धानको लागि फरेन्सिक परीक्षणका लागि पठाउन लागिएको प्रहरीले जनाएको छ ।

मृतकका आफन्तले भने घटना बिहान ३ बजे तिरको भए पनि प्रहरीलाई बिहान ७/८ बजेतिर मात्रै खबर गरेको र उद्योगले घटना लुकाउने प्रयास गरेको आरोप लगाएका छन् । रातिको समयमा मजदुरलाई आवश्यक पर्ने कामदार सुरक्षाका सामग्री बिनै काममा लगाएको, सास फेर्न कठिन भएको जानकारी गराउँदा समेत उद्धार नगरेका कारण मृत्यु भएको र घटना ढाकछोप गर्ने प्रयास गरेको मृतकका आफन्तको आरोप छ ।

ग्यास भएको क्षेत्रमा काम गर्नुपर्ने भएकाले उनीहरूको अक्सिजनको अभावमा मृत्यु भएको अनुमान गरिएको छ ।

## एमाले प्रदेश कमिटी सदस्य गुप्ता र सल्लाहकार चौधरी रास्वपा प्रवेश



बुटवल । नेकपा एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य सञ्जय गुप्ता र सल्लाहकार एवम् राष्ट्रिय महिला आयोगकी पूर्व सदस्य धनेश्वरी चौधरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेका छन् ।

गुप्ता एमाले रोहिणी गाउँपालिका पूर्व इन्चार्ज समेत हुन् । उनीहरूसहित दुई दर्जन स्थानीयलाई रास्वपा प्रवक्ता मनिष झा, जिल्ला अध्यक्ष डा.बुद्धिप्रसाद शर्मा, सचिव विष्णु पौडेल, नेता चित्रबहादुर कार्की ज्ञानु पौडेललगायतले रास्वपामा स्वागत गरेका छन् ।

सो अवसरमा बोल्दै प्रवक्ता मनिष झाले आसन्न निर्वाचनमा रास्वपाको बहुमत आउने पक्का भएको दाबी गर्दै नेता कार्यकर्ताहरुलाई संयमित, धैर्य र अनुशासित भएर अघि बढ्न आग्रह गरे ।

'रास्वपासँग बालेन शाह र कुलमान घिसिङजिको पार्टीको एकता भएपछि अब पार्टीको बहुमत आउने पक्का भयो,' झाले भने-'तर बहुमत आउँछ भन्ने दम्भ पालेर अहिल्यैदेखि अरूको अस्तित्व स्वीकार नगर्ने र स्थानीयस्तरमा त्यो बेलाको वाइसियलले जस्तै गैर राजनीतिक गतिविधि गरेमा फेरि २०६४ सालको चुनावमा बहुमत पाएर पनि ८ महिनामै सरकार ढलेको घटना रास्वपामा दोहोरिन सक्छ, त्यसैले हामी सजग हुन अनिवार्य छ ।'

झाले बालेन र कुलमानको पार्टीसँग एकता गर्दा निर्वाचन आयोगले तोकेको समय सीमा अन्तिम बेला भएकाले समानुपातिक उम्मेदवारको सूचीमा गल्ती भएको स्वीकार गरे । 'समय अभावको कारण विधि प्रक्रियाअनुसार छनोट गर्न सकिएन, गल्ती भएको हो स्वीकार गर्छौं ।'- झाले भने ।

कार्यक्रममा नव प्रवेशी सञ्जय गुप्ता र धनेश्वरी चौधरीले एमालेको अहिलेको नेतृत्वले बदलिँदो समय र जेनजी आन्दोलनको भावनाअनुसार अघि बढ्न नसकेकाले रास्वपा रोजेको बताए ।

## रविको ६० लाख धरौटी आदेश उच्चबाट सदर

बुटवल । उच्च अदालत पाटनले स्वर्णलक्ष्मी सहकारी ठगी तथा संगठित अपराधमा रवि लामिछानेलाई ६० लाख धरौटी हुने काठमाडौं जिल्ला अदालतको आदेश सदर गरेको छ । बिहीबार उच्च अदालतका न्यायाधीशहरू खडानन्द तिवारी र दीपककुमार खरेलको इजलासले काठमाडौं जिल्ला अदालतको आदेश सदर गरेको हो ।

उच्च अदालतका सूचना अधिकारी पार्वती हितानले भनेकी छन्-"संगठित रूपमा गरेको ठगीसम्बन्धी कसुरका प्रतिवादीहरू रवि लामिछाने, छविलाल जोशी, सुनिता नेवा, कमल लामा र माया राईलाई काठमाडौं जिल्ला अदालतबाट मुद्दा पुर्पक्षका लागि धरौटी माग गर्ने गरी विभिन्न मितिमा भएको आदेशविरुद्ध परेको निवेदनमा यस अदालतका माननीय न्यायाधीशद्वय खडानन्द तिवारी र दीपककुमार खरेलको इजलासबाट सदर हुने गरी आदेश भएको छ ।" उच्च अदालतले काठमाडौं जिल्ला अदालतको आदेश बेरितको नदेखिएकोले सदर हुने भनिएको छ ।

### राष्ट्रिय औद्योगिक प्रदर्शनी :

# आठ लाख दर्शक र तीस करोड कारोबार

**रूपन्देही उद्योग संघ बुटवलको आयोजनामा बुटवल मण्डपमा पुस ३ गतेदेखि सुरु भएको राष्ट्रिय औद्योगिक प्रदर्शनी तीस करोड कारोबार गर्दै सकिएको छ । जसमा आठ लाख दर्शकले अवलोकन गरेका छन् । समापन समारोहमा बोल्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्रीले लगानीको वातावरणबिना समृद्धि सम्भव नभएको जनाए ।**


**लुम्बिनी संवाददाता**

*बुटवल*


रूपन्देही उद्योग संघ बुटवलको आयोजनामा भएको राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०८२ करिब तीस करोडको कारोबार गर्दै समापन भएको छ । पुस ३ गतेदेखि सुरु भएको राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवमा ८ लाख दर्शकले अवलोकन गरेका हुन् ।

प्रदर्शनी समारोहमा बोल्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जबसम्म लगानीको वातावरण बन्दैन, तबसम्म समृद्धिको आकांक्षा पूरा हुन नसक्ने स्पष्ट गरेका छन् । लगानीमैत्री वातावरण सिर्जना गर्नु राज्यको प्रमुख दायित्व भएकाले यसलाई सरल, सहज र विश्वासयोग्य बनाउनु पर्ने उनको भनाइ छ ।

मुख्यमन्त्री आचार्यले लगानीको वातावरण मिलाउन नसकिए देशको उन्नति, समृद्धि र विकास सम्भव नहुने बताएका हुन् । 'प्रदेश सरकारले लगानीको वातावरण बनाउने विषयलाई गम्भीर रूपमा बुझेको छ । उद्योगी व्यवसायीले भोग्ने समस्या समाधान गर्न प्रदेश सरकार सधैँ तयार छ ।'-उनले भने ।

मुख्यमन्त्री आचार्यले उद्योगी व्यवसायीको मनोबल कमजोर बनाउने काम संघीय सरकारले गरेको टिप्पणी गरे । तर, प्रदेश सरकारले भने सधैँ उद्योगी र व्यवसायीको पक्षमा आवाज उठाउँदै आएको उनको भनाइ छ । बिजुली कटौतीको विषयमा प्रदेश सरकारले पहिलोपटक खुलेर बोलेको उल्लेख गर्दै उनले प्रधानमन्त्री र अर्थमन्त्रीसमक्ष औपचारिक रूपमा ध्यानाकर्षण गराइएको जानकारी दिए ।

बुटवललाई आर्थिक हबको रूपमा विकास गर्न उद्योगी व्यवसायीको योगदान आगामी दिनमा पनि निरन्तर रहने विश्वास व्यक्त गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकार सधैँ उद्योगी व्यवसायीको पक्षमा उभिने स्पष्ट पारे । 'उद्योगी व्यवसायीले भोग्ने कठिनाइ समाधान गर्न प्रदेश सरकार साथमै छ । सधैँ अग्रणी मोर्चामा उभिएको छ ।'-उनले भने ।

रूपन्देही उद्योग संघ बुटवलको आयोजनामा सञ्चालन भएको महोत्सवको समापन कार्यक्रम संघका अध्यक्ष कृष्ण पराजुलीको अध्यक्षता तथा सचिव अशोक कुँवरको सञ्चालनमा भएको प्रदर्शनीको प्रतिवेदन महासचिव सुमन बस्यालले राखेका थिए भने धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले गरेका थिए । कार्यक्रममा बुटवल उप-महानगरपालिकाका उप-प्रमुख सावित्रा अर्याल, रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल, रूपन्देही उद्योग संघका पूर्वअध्यक्ष बाबुराम बोहोरा, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेलगायतले मन्तव्य व्यक्त गरेका थिए ।



पुस ३ गतेदेखि सुरु भएको प्रदर्शनी स्वदेशी उद्योगबाट उत्पादित सामग्रीका ४५० वटा व्यावसायिक स्टल रहेका थिए । यो अवधिभर पूर्व लक्षित योजनाअनुसार करिब आठ लाख दर्शकले अवलोकन गरेको र करिब तीस करोड रुपैयाँको कारोबार भएको र प्रदर्शनीमा सहभागी स्टलधनीहरु अधिकांशले सोँचेजस्तै राम्रो कारोबार भएको जनाएको कोषाध्यक्ष विशाल बेल्बासेले जानकारी दिए ।

यो पटकको प्रदर्शनीमा सांस्कृतिक कार्यक्रमतर्फ मुख्य आकर्षण रहेको प्रदर्शनी आइडलमा पहिलो बुटवल देवीनगर बस्ने लिट्स कलेजका विद्यार्थी एण्डिज लामिछाने, देस्रो बुटवलको अक्सफोर्ड कलेजमा अध्ययनरत आर्यन श्रेष्ठ र तेस्रो एभरेष्टमा अध्ययनरत विशेष भूर्तेल भएका छन् । त्यसैगरी प्रदर्शनीमा विभिन्न विधामा उत्कृष्ट उद्यमीहरुलाई पुस्कृत तथा सम्मान गरिएको प्रदर्शनी प्रबन्धक यादव भण्डारीले जानकारी दिए ।

उनका अनुसार औद्योगिक पेभेलियनमध्ये उत्कृष्ट भएका कपिलवस्तु ग्लास फाइवर इण्डष्ट्रिज, बुटवल औद्योगिक क्षेत्र सञ्चालक प्रमोद पोद्दार, बेकरी, आइसक्रिम तथा अचार पेभेलियनमध्ये उत्कृष्ट आकाश फुड्स, काठमाडौं डिष्ट्रिव्यूटर्सका उत्सव पाण्डे, स्वादिलो अचार तिलोत्तमाकी सञ्चालक ज्योति श्रेष्ठ, ब्युटी तथा सेवामूलक पेभेलियनमध्ये उत्कृष्ट महालक्ष्मी इञ्जिनियरिङ कन्सल्टेन्सी तिलोत्तमाका सञ्चालक सुदिप ढकाल, ग्रोसरी पेभेलियनमध्ये उत्कृष्ट शिवशक्ति सोप एण्ड केमिकल्स इण्डष्ट्रिज, बुटवल औद्योगिक क्षेत्र सञ्चालक अखिलेस कसौधन, हाउस होल्ड पेभेलियनमध्ये उत्कृष्ट यूनाइटेड प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि., बुटवल औद्योगिक क्षेत्रका सञ्चालक तुल्सीबहादुर गुरुङलाई सम्मान गरिएको छ ।

यस्तै कृषि पेभेलियनमध्ये उत्कृष्ट गोर्खाली कृषि औजार इण्डष्ट्रिजका सञ्चालक जितबहादुर विश्वकर्मा, हस्तकला पेभेलियनमध्ये उत्कृष्ट दिदीबहिनी अल्लो दाङकी सञ्चालक हिसिला वली, लक्ष्मी हस्तकला कपिलवस्तुकी सञ्चालक ललिता खरेल, गार्मेण्ट्स पेभेलियनमध्ये उत्कृष्ट महाकाली गार्मेन्ट्स तिलोत्तमा कोटिहवाका सञ्चालक अनिश कुमार कसौधन, होटल तथा रेष्टुरेण्ट पेभेलियनमध्ये उत्कृष्ट डेडीज किचन बुटवलका सञ्चालक महेन्द्र कुँवर, फुटवेयर्स पेभेलियनमध्ये उत्कृष्ट अनिता सुज उद्योग देवदहका सञ्चालक अनिता बुढाथोकीलाई सम्मान गरिएको छ ।

त्यसैगरी उदयमान उद्यमी गाउँघरको स्वाद बुटवलका सञ्चालक आरजु भुसाल, दही ठेकी तिलोत्तमा मणिग्रामका सञ्चालक विशाल गैरे, समग्र स्टलहरुमध्ये सर्वोत्कृष्ट स्टल प्रथम थापा इञ्जिनियरिङ इण्डष्ट्रिज प्रा.लि. बुटवल औद्योगिक क्षेत्रका सञ्चालक देवानसिंह थापा, द्वितीय ड्रिम वेयर इण्डष्ट्रिज बुटवलका सञ्चालक बाबुराम अर्याल, तृतीय त्रिशक्ति ग्रुप बुटवलका सञ्चालक सुरेन्द्र ज्ञवालीलाई पुरस्कृत गरिएको उनले बताए ।

त्यसैगरी सान्त्वना पुरस्कार वोमन एक्टका सञ्चालक रेखा थापा, हिपत फुड्स गुल्मीका सञ्चालक शिव गौतम, लुम्बिनी एजुकेशनल किड्स इण्डष्ट्रिज बुटवलका सञ्चालक कृष्णप्रसाद पाण्डे, लकासी अचार उद्योग तिलोत्तमाकी सञ्चालक पार्वती गिरी पुरस्कृत भएका हुन् ।

## विशेष महाधिवेशनले कांग्रेस विवाद पेचिलो बन्दै

बुटवल । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको मिति घोषणा गरेपछि कांग्रेसभित्रको विवाद पेचिलो बनेको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवाले चुनावअघि महाधिवेशन गर्न नसकिने प्रष्ट पारेपछि महामन्त्रीद्वय विशेष महाधिवेशनको तयारीमा लागेका हुन् । सभापति शेरबहादुर देउवाले २१ फागुनको आम निर्वाचनअघि नियमित महाधिवेशन हुन नसक्ने र नियमित हुन नसक्ने अवस्थामा विशेष महाधिवेशनको औचित्य झन पुष्टि नै हुन नसक्ने बताएपछि संस्थापन इतर पक्ष रूष्ट छ । देउवाको प्रष्ट धारणा सार्वजनिक भएपछि महामन्त्री थापाले सामाजिक सञ्जालमा लेख्दै विशेष महाधिवेशन पुस मसान्तमा हुने बताए । त्यसलगत्तै थापा पक्ष विशेष महाधिवेशनको मिति तय गर्दै तयारीमा जुटेको छ ।

संस्थापन पक्षले चुनावअघि महाधिवेशन नगर्ने भनेपश्चात् विशेष महाधिवेशन पक्षधर नेताहरू भने पुस २६ देखि २८ गतेसम्म काठमाडौंमा विशेष महाधिवेशन गर्ने तयारीमा लागेका छन् ।

१५ मंसिरको केन्द्रीय समिति बैठकले म्याराथुन गतिमा पार्टीको महाधिवेशन गर्ने निर्णय गरेको थियो, जसमा नयाँ क्रियाशील सदस्यता वितरण र पुरानाको नवीकरण ११ पुसभित्र सक्ने तालिका बनाइएको थियो । क्रियाशील व्यवस्थापन समिति संयोजक गगन थापा नेतृत्वले काम गरे पनि क्रियाशीलको सूची फाइनल भइसकेको छैन । पार्टीमा क्रियाशील सदस्यता नै महाधिवेशनको मेरूदण्ड हो ।

क्रियाशील सदस्यबाट नै क्षेत्रीय प्रतिनिधि छानिने र त्यसले महाधिवेशन प्रतिनिधि छान्ने गर्दछ । नेपाली कांग्रेसमा निरन्तर १५ वर्ष क्रियाशील सदस्य भएको जो कोही पनि केन्द्रीय सभापति लड्न पाउँछ । त्यसैले क्रियाशीलको लफडा नमिलेसम्म पार्टीले अधिवेशन गर्न सक्दैन । पुराना विवादहरू पनि बाँकी नै रहेको र नयाँमा काम गर्न नसक्दा पार्टीको १५औं महाधिवेशन छोटो समयमा हुन नसकेको हो । त्यसैले विशेष महाधिवेशन गर्दै चुनावअघि नै नेतृत्व परिवर्तन गर्न संस्थापन इतर पक्ष लागेको हो ।

२३ र २४ भदौको जेनजी विद्रोहपश्चात् कांग्रेसभित्र महाधिवेशनको बहस पेचिलो भएको हो । २४ गते निर्घात कुटाइ खाएर सभापति शेरबहादुर देउवा सेनाबाट उद्धार हुँदै स्वास्थ्य लाभ गरिरहँदा देउवाले नेतृत्व छाड्नुपर्ने र महाधिवेशन गर्नुपर्ने आवाज उठेको थियो । यो मतलाई संस्थापन पक्षले सहज मानेको छैन ।

संस्थापन इतरको सक्रियतामा २ हजार ८४४ जनाको हस्ताक्षर संकलन गरे । उनीहरूले २८ असोजमा पूर्णबहादुर खड्का कार्यवाहक सभापति बनेपश्चात् २९ असोजमा हस्ताक्षर बुझाए । पार्टी विधानको धारामा टेक्दै ४० प्रतिशतमाथि हस्ताक्षर बुझाएपश्चात् विशेष महाधिवेशनको माहोल बनेको थियो । तर, संस्थापन पक्षले नियमित महाधिवेशन गर्नुपर्ने भन्दै निरन्तर दबाब दिएपश्चात् कांग्रेसले २६ देखि २८ सम्म १५औं महाधिवेशन गर्ने निर्णय गरेको थियो । सोबमोजिम केन्द्रीय महाधिवेशन हुन नसकेपश्चात् विशेष गर्ने कसरत भएको हो ।

यतिसम्म कि नियमित महाधिवेशन गर्ने भए वडा क्षेत्र र केन्द्रको महाधिवेशन गर्नुपर्छ भन्दै तालिका संशोधन गर्न सकिने प्रस्ताव गगन थापाले केही दिनअघिको कार्यसम्पादन समिति बैठकमा राखेका थिए । उक्त प्रस्ताव पनि पास नभएपश्चात् विशेष महाधिवेशन गर्ने निर्णयमा थापा पुगेका हुन् । विशेष महाधिवेशन पक्षधर अर्का नेता देवराज चालिसेसहितको टीम पुगेर पाँच दिनअघि विशेष महाधिवेशन गर्ने भन्दै स्मरण पत्र बुझाएका थिए ।


**हार्दिक बधाई तथा शुभकामना**

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

शंकर भण्डारी (प्राचार्य)

एवम्

क्यानन माध्यमिक विद्यालय परिवार

सुख्खानगर, बुटवल-८ रूपन्देही

## सम्पादकीय

# विमान उडान न्यूनको कारण र परिणाम

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट एक वर्षमा ७ लाख ७८ हजार ९ सय यात्रुले उडान अवतरण गरेको मध्ये १९ हजार ५ सय ५१ जना अन्तर्राष्ट्रिय उडानमार्फत् यात्रा गरेका छन् । अन्तर्राष्ट्रिय विमानस्थलबाट पर्याप्त उडान नहुँदा न्यून संख्याले मात्रै अन्तर्राष्ट्रिय उडानमार्फत् यात्रा गरेका हुन् ।

झण्डै ४० अर्ब लगानीमा बनेको विमानस्थल नियमित नचल्दाको मूल्य मुलुकले चुकाउनु परेको छ । अर्बौं खर्चेर बनाइएको विमानस्थल नियमित नचल्दा लगानीप्रति प्रश्न उठेको छ । मुलुकलाई समृद्धितर्फ लैजान प्रतिफलमुखी आयोजनामा लगानी गर्न दबाब बढिरहेका बेला ठूला आयोजना असफलतातिर जाँदा लगानी र आयोजनाबारे व्यापक बहसको खाँचो देखिएको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ड्रिम प्रोजेक्ट हो, यो विमानस्थललाई नियमित चलाउन सक्दा मुलुकको समृद्धिको ढोका खोल्न सकिन्छ । लुम्बिनी प्रदेशकै मात्र नभई मुलुककै समृद्धिको ढोका खोल्ने विमानस्थल चलाउन लिइएका पहलकदमी कामयाव हुन सकिरहेका छैनन् । मूलतः भारतीय अवरोध हटाउन नसक्नु नेपालको कमजोरी हो । भारतले दिने भनेको हवाई रूटमा सहमति हुन नसक्दा यो विमानस्थल सुनसान भएको छ । भैरहवा पश्चिमबाट हवाई रूट पाउने बित्तिकै विमानलाई उड्न र अवतरण गर्न सहज हुने भएकाले भारतीय पक्षसँग पटक-पटक गरेको छलफल निष्कर्षमा पुग्न नसक्दा समस्या भएको छ । भारतीय पक्षले हवाई रूट उपलब्ध गराउनका लागि गरेको अवरोध हटाउन कुटनीतिक पहलकदमी लिन आवश्यक छ । चुनावी सरकारले यो पहलकदमी सम्भव नभए पनि चुनावपछि बन्ने सरकारको प्राथमिकतामा यो विषय पर्नुपर्छ ।

विमानस्थल चल्नका लागि यहाँ तत्काल श्रम स्वीकृतिको लागि कार्यालय आवश्यक पर्छ । मेडिकल जाँच, भिसा सेन्टर, कार्गो र विदेश पढ्न जाने विद्यार्थीको लागि नो अब्जेक्सन सर्टिफिकेट(एनओसी), ठूला ट्राभल एजेन्सीका कार्यालय स्थापना पनि हुनुपर्छ । ती कार्यालय नहुँदा सेवाग्राही काठमाडौं धाउनुपर्ने बाध्यता छ । विमानस्थलमा केही विमानले उडान गरिरहेको भए पनि आवश्यक कार्यालय स्थापनामा ढिलाइले समस्या बढेको छ । मुलुकमा संघीय शासन प्रणाली स्थापना भइसकेको छ तर केन्द्रीकृत राज्य संरचनाको मनोविज्ञान बदलिन नसक्दा शासन प्रणाली संस्थागत हुन सकेको छैन । काठमाडौं केन्द्रित मनोविज्ञान तोड्न सक्दा मात्रै गौतमबुद्ध विमानस्थल चल्ने वातावरण बन्न सक्छ ।

भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रीत ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेका, एयरलाइन्स कम्पनीहरुले भैरहवामा सम्पर्क कार्यालय नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट बेच्न नदिएकाले पनि विमानस्थल चल्न नदिन सेटिङमा काम भइरहेको भन्ने व्यवसायीको आरोप खण्डित हुन आवश्यकछ ।

# सेयर बजार १२.८३ अंकले घट्यो



काठमाडौं । साताको अन्तिम कारोबारको दिन बिहीबार सेयर बजार १२.८३ अंक घटेको छ । बिहीबार नेप्से २६२०.९२ बिन्दुमा झरेर रोकिएको छ । यो ०.४८ प्रतिशतको गिरावट हो ।

'अन्य' उपसूचक बाहेक बिहीबार सबै उपसूचक ओरालो लागे । सबैभन्दा धेरै व्यापार उपसूचकका लगानीकर्ताले १.०९ प्रतिशतले गुमाए ।

बिहीबार कुल ३ सय ३६ धितोपत्रको ६४ हजार ४ सय ७ कारोबारबाट १ करोड १ लाख ५३ हजार २ सय २६ कित्ता सेयर किनबेच भयो । कारोबार रकम ४ अर्ब ७१ करोड ३९ लाखमा खुम्चियो । जुन अघिल्लो कारोबार दिन बुधबारको तुलनामा कम हो । बुधबार दोहोरो अंकले बढेको बजार घटेको हो ।

बिहीबार विन नेपाल लघुवित्त वित्तीय संस्थाको मूल्य सबैभन्दा धेरै १० प्रतिशतले बढेर १४८१.१० रुपैयाँ प्रतिकित्ता पुग्यो । यसबाहेक एसवाई प्यानल नेपाल लिमिटेड, हिम स्टार ऊर्जा कम्पनी, बुङ्गल हाइड्रो लिमिटेड, कालिका पावर कम्पनीसहितका धितोपत्रको मूल्य धेरैले बढ्यो ।

ग्लोबल आइएमइ समुन्नत योजना-२ का लगानीकर्ताले सबैभन्दा धेरै १० प्रतिशत गुमाए । यसबाहेक बोटलर्स नेपाल, सयपत्री हाइड्रो, लक्ष्मी लघुवित्त वित्तीय संस्था सहितका धितोपत्रको मूल्य समेत धेरैले घटेको छ । एसवाई प्यानल नेपाल लिमिटेड आज सर्वाधिक कारोबार हुने धितोपत्रका रूपमा रहेको छ ।

# पहिलो देशको राष्ट्रियता र स्वाभिमान बचाऔं तब मात्र निर्वाचन गराऊ



विनबहादुर कुँवर

देशभक्त वामपन्थी र जनवादी सबै एक भई जानुछ । वर्तमान देशको आमूल परिवर्तन विना हुने यस्ता निर्वाचनको कुनै अर्थ छैन । यस अर्थमा पनि यसको बहिष्कार गर्नु जरूरी छ । स्वयं जेनजीहरूमाथि ठूलो धोका र गद्दारी भएको छ । त्यसैले उनीहरु सब यो निर्वाचनका विरुद्ध नारा-जुलुस गर्दैछन् । पहिले देशको राष्ट्रियता र स्वाभिमान बचाउ त्यसपछि मात्र यस्ता निर्वाचनमा गराऊ ।

आगामी फागुन २१ मा हुने भनिएको संसदीय निर्वाचनका लागि दलहरूले निर्वाचन आयोगमा समानुपातिक सांसदका लागि बन्द सूची दर्ता गराइसकेका छन् । तर त्यो मितिमा यो निर्वाचन हुन्छ कि हुन्न कुनै ठेगान छैन । पहिलो कुरा त त्यो पुरानो सांसद पुनर्स्थापनाका लागि कांग्रेस-एमालेका पूर्व सांसदहरुको बहुमतले सर्वोच्च अदालतमा रिट निवेदन पेश गरिसकेका छन् । विद्यमान संविधानलाई मान्ने हो भने वर्तमान यो प्रम सुशीला नेतृत्वको सरकार अवैध छ । यस्तो सरकारले भंग गरेको त्यो प्रतिनिधिसभा स्वतः अवैधानिक छ । त्यसैले आफू एउटा कानुनको विद्यार्थी भएकाले पनि यो सांसद पुनर्स्थापना सर्वोच्च अदालतबाट हुने सम्भावना बढी नै छ ।

संविधानको भाग-७ संघीय कार्यपालिकाअन्तर्गतको धारा ७६ मा मन्त्रिपरिषद्को गठनअन्तर्गत उपधारा १,२,३,४,५,६,७,८,९ को व्यवस्था उल्लेख गरेको छ । पहिलो कुरा त वर्तमान यो सरकार यी कुनै पनि धारा र उपधाराअन्तर्गत बनेकै छैन । धारा ७६ मा मन्त्रिपरिषद्को गठनअन्तर्गत बनेकै छैन । धारा ७६ मा मन्त्री परिषदको गठनअन्तर्गत बनेकै छैन । धारा ७६ मा मन्त्री परिषद्को गठनअन्तर्गत उपधारा-१ मा भनिएको छ, राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्ति गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ ।

अब प्रश्न गरौं कुन प्रतिनिधिसभाको बहुमत प्राप्त संसदीय दलकी नेता प्रम सुशीला कार्की हुन् ? उत्तर छैन । होइनन् । अनि कसरी यिनी अहिले प्रम कि उम्मेदवार बनिन् र प्रधानमन्त्री भइन् ? वर्तमान नेपालको संविधानले यो कथित जेनजी आन्दोलनलाई चिनेको छैन र चिन्ने कल्पना पनि गरेको छैन । तब कुन आन्दोलन अनि कुन संविधानअन्तर्गत यो सरकार बनाइयो र राष्ट्रपतिले उनलाई प्रधानमन्त्रीका लागि सपथ दिलाए ? यसका लागि मूल दोषी राष्ट्रपति रामचन्द्र पौडेल नै छन् ।

राष्ट्रपतिले यो संविधान जानेका वा पढेकै छैन भन्न मिल्दैन । संविधानको भाग ६ धारा ६१ को उपधारा २ ले 'निजले यस संविधान र यस संघीय कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्ने छ । त्यस्तै उक्त धाराको उपधारा ४ मा संविधानमा पालन र संरक्षण गर्ने राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ' भनिएको छ । तर उनले भनेका छन् बडो जुक्ति र प्रयासले यो संविधान बचाइयो र यो सरकार बनाइयो । त्यही अनुरुप आगामी फागुन २१ मा यो संसदीय निर्वाचन सम्पन्न गराऊ । हो, उनको यो जुक्ति र प्रयासलाई सम्मान नै छ ।

तर उनको यो जुक्ति र प्रयास कुन संविधानअन्तर्गत छ ? प्रश्न गर्ने अधिकार हामी आम नेपाली जनतालाई छ कि छैन ? छ भने अब तत्काल राष्ट्रपति रामचन्द्र पौडेलले जनतासामु माफी मागी सर्वोच्च अदालतलाई त्यसै अनुरुप जानकारी गराउनु पर्‍यो । नत्र भने यसको दोषी प्रम सुशीला कार्की मात्रै होइनन् मुख्य दोषी राष्ट्रपति नै हुन् । आम जनताले बुझ्न पर्‍यो । कुनै कारण सांसद पुनर्स्थापना भए पहिलो काम यस्ता राष्ट्रपतिमाथि अविश्वास प्रस्ताव पारित गरी अपदस्त गराइनु पर्दछ ।

नेपालमा मात्रै होइन विश्वका हरेक मुलुकहरुमा यस्ता आन्दोलन र विद्रोह पटकपटक हुँदै आएका छन् । तर नेपालमा भने यी सबैमा एक प्रकारको सम्झौता र आत्मसमर्पण हुँदै आएको छ । २००७, २०४६ , २०६२,०६३ सालमा भारतीय विस्तारवाद सामु आत्मसमर्पण र सम्झौता भने अहिलेको यो कथित जेनजी आन्दोलनमा पश्चिमा साम्राज्यवाद खासगरी अमेरिकी साम्राज्यवाद सामु आत्मसमर्पण देखिएको छ । सत्ताधारी कांग्रेस-एमाले र माओवादी सबै भागभाग । खाली राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थिति त्यसमा पनि उनको आत्मसमर्पणमा अरु कांग्रेसी-एमाले र माओवादी सबैको सहमतिमा यो साम्राज्यवादी कठपुतली सरकार बनेको स्पष्ट नै छ । यसमा तत्कालीन प्रतिपक्ष नेता प्रचण्डले समर्थनको खुलसा गरिसकेका छन् । देउवा मौन रहे पनि ओलीले घुमारो रुपमा त्यसलाई स्वीकार गरेका छन् ।

तर अहिले भारत-अमेरिकाबिचको खटपति र रुस-भारत र चीनबिचको आपसी केही मेलमिलाप जस्तो देखिएकाले यो सरकार र कथित जेनजीहरुप्रति केही अन्यौलता देखा पर्न थालेको छ ।

एकथरी जेनजीको नाममा देखा परेका पुराना र नयाँ दलहरु पश्चिमा साम्राज्यवादको निर्देशन र लगानीमा नयाँ दलीय एकता र ध्रुवीकरणमा बढ्दो छ भने अर्कोतिर पुराना यथास्थितिवादी दलहरुमा पनि त्यस्तो पार्टी एकता र समझदारी बढ्दै जान थालेको छ । आगामी चुनाव केन्द्रित यो एकता र ध्रुवीकरणले नेपालको आगामी राजनीतिलाई अझ बढी विषाक्त पार्ने सम्भावना बढेर गएको छ । एकातिर पुराना दलप्रतिको जनताको बढ्दो वितृष्णा र नयाँ भनिनेप्रतिको जानेर वा नजानेर भएको आकर्षणले देशमा फेरि अर्को विद्रोहको ज्वाला दन्कने सम्भावना देखिदैछ ।

हालै मात्र करोडौं सहकारी रकम भ्रष्टाचारमा मुछिएका ठगी रास्वपाका सभापति रवि लामिछाने अनि काठमाडौंका मेयर बालेन साथै पूर्व विद्युत् प्राधिकरणका सिओ कुलमान घिसिङबिच पार्टी एकीकरण भएको छ । त्यो एकीकरणमा मुख्य भूमिका अमेरिकाको युथ काउन्सिलका एजेन्ट सुदन गुरुङको रहेको छ । यतिसम्मकि स्वयं उनले रवि-बालेनलाई कोठाको ढोका नै थुनेर एकता गर्न बाध्य पारेको बताएका थिए । त्यस्तै फेरि बाध्यता कुलमानमाथि पनि परेको बुझ्न सकिन्छ । जबकि सुदन गुरुङ को हुन् र कहाँबाट परिचालित भएका छन् ? यो सबै छर्लङ्गै भइसकेको छ । प्रम सुशीला कार्कीका त उनी जेठो छोरा नै भइसकेका छन् । त्यसैले यो सबै पार्टी एकता पश्चिमा साम्राज्यवादीहरुको डिजाइनमा भइरहेको छ ।

अझ अचम्म त के छ भने दुनियाँले लुसिफर भनेर चिन्ने काठमाडौंका मेयर बालेन शाह जसले जेनजीहरुलाई आन्दोलनमा उतारेर यति ठूलो हत्या, हिंसा, तोडफोड,लुटपाट र आगजनी गराएकालाई भेट्न जाने लाभालस्कर त्यसमा पनि अझ लज्जास्पद एउटा पूर्व प्रधानमन्त्री समेतको त्यो भेट गराइले आखिर यो देशको सार्वभौमसत्ता र स्वाभिमान कहाँबाट र को द्वारा सञ्चालन भइसकेको छ ? स्पष्ट देखिन थालेको छ । बालेन शाह जसलाई रास्वपाले भावी प्रधानमन्त्री भनेर घोषणा गरिसकेको छ । अहिले सिंहदरबार सर्वोच्च अदालत र संसद भवन जलाउन तम्सनेले यस्ता व्यक्ति अब साँच्चै नै प्रधानमन्त्री बने भने सिंगो देश नै जली खरानी खरानी हुने निश्चित नै छ ।

एक पटक युक्रेन राष्ट्रको अहिलेको स्थितिलाई राम्रोसँग बुझौं । त्यहाँ के भइरहेको छ ? लाखौं मान्छेहरु मारिएका छन् । लाखौं अपाङ्ग छन् । लाखौं विस्थापित भएका छन्, लाखौं शरणार्थी बने विदेशिएका छन् । यतिसम्मकि त्यहाँका युवाहरु जबर्जस्त युद्धमा जानु पर्दछ भनेर स्वयं आफैंले आआफ्नो हातखुट्टा भाँचेर घाइते भएको देखाउँदैछन् । ठीक यस्तै अवस्था अब नेपालमा पनि सुरुवात भइसकेको छ । अमेरिकी साम्राज्यवादी सहयोग परियोजना एमसीसी सदनबाट नै पारित भइसकेको छ ।

अब त्यस्तै अमेरिकी शैन्य रणनीति एसपीपी पनि पारित भई अमेरिकी शैन्य अखडा बन्ने अवस्थामा छ । यस्तो अवस्थामा युक्रेनमा जस्तै यहाँ पनि नयाँ नेपाली जेलिनिस्की जन्मिसकेको र जन्माइदैछ । हुन पनि ती युक्रेनी जेलेनिस्कीको चरित्रसित ठ्याक्कै मेल खाने पात्र बालेन शाह देखिएका छन् । दुवै कलाकार एउटा हास्यकलाकार भने अर्को र्‍यापर । दुवैको लबाई खुवाई, बोलीचाली एउटै समान । त्यसैले अब यस्ता पात्रद्वारा देश बन्ने होइन कि युक्रेन जस्तै जल्ने हो ? सबैले समयमै बुझौं ।

तै पनि एउटा खुसीको कुरा पूर्वी धरानका मेयर हर्क साम्पाङले काठमाडौंका यस्ता मेयर बालेनविरुद्ध आवाज उठाइरहेका छन् । बालेन जहाँबाट चुनावमा उठ्छ त्यहाँ उसलाई हराउन हर्क पुग्छ भन्दै देश दौडाहामा उनी छन् ।

यस्ता साम्राज्यवादी दलालहरुलाई हराउन एउटा हर्कले मात्र पुग्दैन यस्ता सयौं हर्क अब नेपालमा जन्मनु पर्दछ ।

नत्र भने नेपाल युक्रेन बन्ने निश्चित जस्तै भइसकेको छ । कांग्रेस-एमाले-माओवादीका यी सबै गतिछाडा हुतिहारा र भगौडाहरु अब सेरे-ओली-प्रचण्डे र माधवेको पछि होइन हर्क पछि लाग । सबैले हर्क र महेश बस्नेतलाई नेता छान । रवि, बालेन, कुलमान, बाबुराम, गगनजस्ता साम्राज्यवादी दलालहरुको विरुद्ध एक भई देशको राष्ट्रियता र स्वाभिमानका लागि अघि बढ ।

अब आगामी फागुन २१ मा निर्वाचन हुने नहुने कुनै निश्चित छैन । यो निर्वाचन साम्राज्यवादी एजेण्डा हो । यस अर्थमा पनि यसको विरुद्धमा आम देशभक्त वामपन्थी र जनवादी सबै एक भई जानुछ । वर्तमान देशको आमूल परिवर्तन विना हुने यस्ता निर्वाचनको कुनै अर्थ छैन । यस अर्थमा पनि यसको बहिष्कार गर्नु जरुरी छ ।

स्वयं जेनजीहरुमाथि ठूलो धोका र गद्दारी भएको छ । त्यसैले उनीहरु सब यो निर्वाचनका विरुद्ध नारा-जुलुस गर्दैछन् । पहिले देशको राष्ट्रियता र स्वाभिमान बचाउ त्यसपछि मात्र यस्ता निर्वाचन गराऊ ।

**Sainamaina Municipality**
**Office of Municipal Executive,**
**Buddhanagar, Rupandehi**

**Invitation for Bids**

Invitation for Bids No: NCB/12/082-83

Date of publication: 2082/09/18

1. Sainamaina Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Road and Drain Improvement Works: 24 Numbers of Inner Roads in Ward No. 4 under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 45,63,209.49 (exclusive of VAT and contingencies)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sainamaina Municipality, Rupandehi, sainamainamunicipality@gmail.com, 071-440553or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document amounting NRs. 3000 and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha**
   **Name of Office: Sainamaina Municipality Office**
   **Office Account no.: Internal Revenue Account**
   **A/C No. 0414201659915011**
4. Pre-bid meeting shall be held at Sainamaina Municipal Office, Rupandehi at 1:00 P.M and 2082/10/07.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 2082/10/18. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 P.Mon 2082/10/18 at the office of Sainamaina Municipality. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 1,50,000shall be deposited in the bank A/C no. 0414201149244015 of Agricultural Development Bank Ltd, Parroha Sakha which shall be valid for 30 days beyond the validity period of the bid i.e. 2083/02/16
7. If the last date of purchasing and submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# फोक्सिङ्गकोटमा सार्वजनिक सुनुवाइ

**कृष्ण पोखरेल**

*पाल्पा*

रम्भा गाउँपालिका वडा नं. २ फोक्सिङ्गकोटमा आर्थिक वर्ष २०८२।०८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाइ भएको छ। रम्भा गाउँपालिका वडा नं. २ फोक्सिङ्गकोटको आयोजना तथा रम्भा गाउँपालिकाको समन्वय र पाल्पा विकास केन्द्रको सहजीकरणमा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागीले शिक्षा, स्वास्थ्य, सडक, खेलकुद, होम स्टे, पशुपालन, खानेपानी, सञ्चारलगायतका क्षेत्रसँग सम्बन्धित विषयहरुबारे जिज्ञाषा तथा प्रश्नहरु राखेका थिए।

कार्यक्रममा सानाहुँगी माध्यमिक विद्यालयका अध्यक्ष भिमबहादुर सारु, प्रधानाध्यापक एवतबहादुर सारु विद्यार्थीहरु सूचना राना र जीवन गाहाले विद्यालयमा खेलमैदान र सुविधा युक्त कक्षाकोठा नभएको र कक्षा ११ र १२ मा अध्यापन गर्ने अग्रेजी शिक्षक नभएको गुनासो गरे।

सार्वजनिक सुनुवाइमा स्थानीय सोमबहादुर घर्ती, दिल्लीसरा गाहा, अमान सिंह सारु, टकबहादुर फाल, हुमबहादुर पाडे, हिरासिह सोमैलगायतले किटेनी बेलौजा मोटरबाटो, किटेनी लाँबे खर्केहान मोटरबाटो, गाबुडाँडा भेस्काङ्ग मोटरबाटो, भर्लेङ्ग सटाकडाँडा मोटरबाटो तथा रानीबास सहदीखोला मोटरबाटो स्तरउन्नति गर्न पालिकासँग माग गरे।

सार्वजनिक सुनुवाइमा स्थानीय नरमती सारु, जितबहादुर गाहा, वीरबहादुर गुरुङ्गलगायतले रानीबास सामुदायिक होम स्टेले पर्यटकहरुको आगमन वृद्धि भए पनि मोटरबाटो राम्रा नभएको, नेपाल टेलिकमको टावरले राम्रोसँग नटिप्दा समस्या भएको गुनासो गरे।

यसैगरी कार्यक्रममा घनबहादुर सारु, मीनबहादुर दर्लामीले निर्माण सामग्रीको जिल्ला दररेट अनुसारको सामग्री तथा ढुवानी लागत कम हुँदा भौतिक निर्माणका कार्य गर्न कठिनाइ भएको बताए।

कोटथर महिला पञ्चेबाजा समूहका अध्यक्ष दिलमाया पाडे मगर, बाजा प्रशिक्षक रोशन परियारले पञ्चेबाजाको माग बढ्दै गएको सहनाइको थप तालिम चाहिएको बताए। महेन्द्र आधारभूत विद्यालयका प्रधानाध्यापक नारायण मश्राङ्गी, अध्यक्ष प्रेमबहादुर सिंजालीले विद्यालय नजिकै खसेको पहिरो रोकथाममा उचित पहल नहुँदा विद्यालय नै पहिरोको जोखिममा रहेको गुनासो गरे।

स्थानीयवासीबाट आएका गुनासाहरुलाई रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले प्राथमिकताको आधारमा पालिकाबाट सम्बोधन गरिने बताए।

नागरिकका गुनासा खुलेर थाहा पाउन र जनताका माग, सुझाव जानकारी लिन, गुनासा, माग र सुझवहरुलाई पालिकाको नीति कार्यक्रम र बजेटमार्फत् सम्बोधन गर्ने नीति बनाउन, सुशासन कायम गर्न तथा जवाफदेहीता बढाउन रम्भा गाउँपालिकाले वडास्तरमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरेको बताए। कार्यक्रममा रम्भा गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत पोष्टराज न्यौपानेले सेवाग्रहीबाट उठेका जिज्ञाषालाई प्रशासनिक तवरले जवाफ दिएका थिए।

# दृष्टिविहीन विद्यार्थीलाई न्यानो कपडा

परासी। हाम्रो सामाजमा ठुला-ठुला पार्टी प्यालेस तथा होटलमा जन्मदिन मनाउने चलन छ। तर रामग्राम वडा नं. १० की रञ्जना ओझाले दृष्टिविहीन विद्यार्थीहरुसँग जन्मदिन मनाएकी छिन्।

उनी भन्छिन्-'हाम्रो सामाजमा ठुला-ठुला पार्टी प्यालेस तथा होटलमा जन्मदिन मनाउने कार्य हुने, तर समाजमा यस्ता मानिस पनि छन् खाना, लगाउने लुगा कपडा छैन, यस्ता व्यक्तिलाई सहयोग गर्दैनन्, तर मैले आफ्नो जन्मदिनमा केही गर्नु पर्छ भनेर दृष्टिविहीन विद्यार्थीहरुलाई कपडा वितरण गरेको हो।'

उनले दृष्टिविहीन विद्यार्थीहरुलाई जाडो छल्न न्यानो कपडा वितरण गरेको जानकारी दिइन्। आर्दश माध्यमिक विद्यालयमा रहेका दृष्टिविहीन विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको बताइन।

ओझाले समाजमा स्वास्थ्य क्षेत्रको माध्यमबाट सेवा दिँदै आएकी छिन्। उनी हुन स्वास्थ्यकर्मी। अहिले रामग्राम पालटिकरमा रहेको स्वास्थ्य चौकीका कार्यरत छिन्। उनले आफ्नो जन्मदिनको अवसरमा २३ जोडी ट्र्याकसुट दृष्टिविहीन विद्यार्थीहरुलाई वितरण गरिएको ओझाका बुवा जवारहीलाल ओझाले बताए।

वितरण कार्यक्रममा लुम्बिनी प्रदेशका सांसद बैजनाथ कलवारले यस्ता सहयोगले असहाय दृष्टिविहीन विद्यार्थीहरुलाई मद्दत पुग्ने विश्वास व्यक्त गरेका थिए। उनले समाजमा यस्ता असाहय धेरै भएकाले यस्ता मनकारी सहयोगले उनीहरुलाई सहयोग हुने जनाए।

---

विगो नं. ६२४/१७०/फाँट- तहसिल

श्री कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको

**गोविन्द अवालेको छोरा, जिल्ला ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १, मौजा ललितपुर बस्ने अं. वर्ष ४० को सनम अवालेका नाउँमा जारी भएको पन्ध्र दिने सूचना**

वादी ऐ.कपिलवस्तु शिवराज न.पा. वडा नं.०४ बस्ने जनतुन निसा मुसलमान, प्रतिवादी तपाइँ भएको तर्फ छुट्याई पाउँ मुद्दा (०७९-CP-०१७३)मा यस अदालतको मिति २०८१।०२।२० को फैसलामा तर्फ छुट्याई पाउने ठहरी फैसला भएकोमा तर्फ छुट्याई पाउँ भनी मिति २०८१।०५।२० मा वादीको दरखास्त पर्न आएको हुँदा तपाइँका नाउँमा जारी भएको म्याद बेपत्ते तामेल भई आएको र यस अदालतमा वादीले प्रतिवादीका नाउँको म्याद पत्रिकामा प्रकाशन गरी पाउँ भनि कागज-समेत गरेको र यस अदालतबाट प्रतिवादीका नाउँको म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा म्याद प्रकाशन गर्न भनी भएको आदेशनुसार प्रस्तुत म्याद पत्रिकामा प्रकाशित गरिएको छ। अतः म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्रमा कानून बमोजिम आफ्नो लिखत प्रमाण समेत लिई यस अदालतमा आफै वा कानून बमोजिमको वारेश वा कानून व्यवसायी मार्फत् हाजिर हुन आउनु होला। अदालतमा हाजिर हुन नआई म्याद गुजारी बसेमा कानून बमोजिम भइजानेछ। ईति सम्वत २०८२ साल पौष १७ गते रोज ०१ मा शुभम्।

---

## श्री अधियारी माध्यमिक विद्यालय एकला

**लु.सा.न.पा.-८, एकला, रुपन्देही, (लुम्बिनी प्रदेश, नेपाल)**

## विज्ञान विषयको शिक्षक आवश्यकता

मितिः २०८२/०९/१८

उपरोक्त सम्बन्धमा लुम्बिनी सा'.न.पा. वडा नं. ८ मा संचालित श्री अधियारी माध्यमिक विद्यालय एकलामा रिक्त रहेको मा. वि. तह शिक्षण सिकाइ अनुदान कोटा विज्ञान विषयको शिक्षक पदका लागि लुम्बिनी साँस्कृतिक नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको च.न. २०४४ मिति २०८२/०९/१८ गतेको विज्ञापन अनुमति पत्र अनुसार विज्ञापन प्रकाशन गरिएको छ। ईच्छुक योग्यता पुगेका नेपाली नागरिकबाट विज्ञापन प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन पेश गर्नुहुन अनुरोध गर्दछौं।

**विज्ञापन नं.**: ०१-२०८२/०८३ **पद**: शिक्षक **तह**: माध्यमिक तह संघिय अनुदान

**संख्या** : १ (एक) **विषय**: विज्ञान

**तलब भता सुविधा**: नेपाल सरकारको प्रचलित नियमानुसार

न्युनतम योग्यता सम्बन्धित विषयमा वि.एस्सी. वा सो सरह उत्तीर्ण

**उमेर** : १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको

**आवश्यक कागजातहरु :**

- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि २ थान - शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि २/२ थान
- अध्यापन अनुमति पत्रको प्रतिलिपि- २ थान - हालसालै खिचिएको पासपोर्ट साईजको फोटो - २ थान

-हस्त लिखित निवेदन -१ थान

-रित नपुगी र म्याद नाघी प्राप्त भएको निवेदन उपर कुनै कारवाही हुने छैन।

-दरखास्त दस्तुर रु. १५०० ( रु एक हजार पाँच सय मात्र)

-दरखास्त दिने अन्तिम मितिः २०८२/१०/०२ गते कार्यालय समय भित्र।

-सम्पर्क मितिः २०८२/१०/०४ गते।

-परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ।

सम्पर्क नं. : ९८०४४३७५०१.९८५७०५४५०१ (प्र.अ.), ९८०५४३३४४२ (वि.व्य.स. अध्यक्ष )

**अध्यक्ष**
**राज कुमार यादव**

**प्रधानाध्यापक**
परशुराम खरबिन्द

---

विगो नं.६२५/१७१/फाँट- तहसिल

**श्री कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको**

**गोविन्द अवालेको छोरा, जिल्ला ललितपुर जिल्ला /सलितपुर उपमहानगरपालिका वडा नं. १, मौजा ललितपुर बस्ने अं.वर्ष ४० को सनम अवालेका नाउँमा जारी भएको पन्ध्र दिने सूचना।**

वादी ऐ.कपिलवस्तु शिवराज न.पा. वडा नं.०६ बस्ने तैयव मुसलमान, प्रतिवादी तपाइँ भएको तर्फ छुट्याई पाउँ मुद्दा (०७८-CP-०४४३)मा यस अदालतको मिति २०८१।०२।२० को फैसलामा तर्फ छुट्याई पाउने ठहरी फैसला भएकोमा तर्फ छुट्याई पाउँ भनी मिति २०८१।०५।२० मा वादीको दरखास्त पर्न आएको हुँदा तपाइँका नाउँमा जारी भएको म्याद वेपत्ते- तामेल भई आएको र यस अदालतमा वादीले प्रतिवादीका नाउँको म्याद पत्रिकामा प्रकाशन गरी पाउँ भनि कागज समेत गरेको र यस अदालतबाट प्रतिवादीका नाउँको म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा म्याद प्रकाशन गर्न भनी भएको आदेशनुसारं प्रस्तुत म्याद पत्रिकामा प्रकाशित गरिएको छ। अतः म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेकं १५ दिन भित्रमा कानून बमोजिम आफ्नो लिखत प्रमाण समेत लिई यस अदालतमा आफै वा कानून बमोजिमको वारेश वा कानून व्यवसायी मार्फत् हाजिर हुन आउनु होला। अदालतमा हाजिर हुन नआई म्याद गुजारी बसेमा कानून बमोजिम भइ जानेछ। ईति सम्वत २०८२ साल पौष १७ गते रोज ०१ मा शुभम्।

---

**भूमि सुधार तथा मालपोत कार्यालय, नवलपरासी (ब.सु.प.) बाट जारी भएको**

**हकदाबी सम्बन्धी ३५ (पैंतिस) दिने सार्वजनिक सूचना**

जिल्ला नवलपरासी साविक कुडिया गा.वि.स. वडा नं. ०१ हाल सुस्ता गा.पा. वडा नं. ०२ बस्ने समतुल्लाहीको नाती हमिदको छोरा वर्ष ६३ को नईम मियाको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक प्रतापपुर गा.वि.स.वडा नं. ४/ख कि.नं. १६५ ज.वि.०-६-० जग्गामा मोही वैधनाथ अहिर उल्लेख भएकोमा प्रतापपुर गा.पा. वडा नं ०९ को च.नं. ५४४ मिति २०८१।०७।२६ को सिफारीस पत्र एवं वडा मुचुल्का समेतबाट मोहीको हकवाला कोही पनि नभएकोले मोही लगत कट्टा गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिई तारेखमा बसेकोमा यस कार्यालयबाट वैधनाथ अहिरको नाउँमा १५ दिने म्याद तामेली भई प्रतापपुर गा.पा. वडा नं. ०९ वडा कार्यालयमा सार्वजनिक सूचना टाँस गरेता पनि कुनै किसिमको प्रतिवाद नगरेकोले हकदावी समबन्धी सार्वजनिक सूचना प्रकाशित गरीएको छ। सूचना प्रकाशित गरेको मितिले बाटाको म्याद बाहेक ३५ दिनभित्र सबुत प्रमाणसहित हकदावी गर्न यस कार्यालयमा उपस्थित हुन आउनु होला वा कानून बमोजिम वारेस गरी पठाउनु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ।

ईति संवत् २०८२ पौष १७ गते रोज ५ शुभम्

---

## कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
स्था : २०७३

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रथक पटक प्रकाशित मितिः २०८२/०९/१८**

यस कार्यालयबाट प्रथम पटक प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक(मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 08/KM/NCB/ WORKS/ 2082/83 | Dashghare Chok dekhi Deepjyoti Choksamma bato kalopatre at ward 05 and Over lay and sub base road prepration at ward 11 | रोज डेभलपर प्रा.लि. टोखा -२ काठमाण्डौं | ३८,४८,०११.८१ | |

प्रमुख प्रशासकीय अधिकृत

---

# Dhurkot Rural Municipality
## Office of the Rural Municipal Executive
**Barbot, Gulmi**
**Lumbini, Province, Nepal**

# Invitation for Bids

First Date of publication: 2026-01-02

1. Dhurkot Rural Municipality Barbot, Gulmi invitation online bids through e-procurement system bidders for the Procurement Of :

| S. N | Contract Identification Number | Works of description | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security Validity Period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | ODRM-Gulmi-G-NCB-27-082/83 | Procurement of Machine and Medical Equipment for Dhurkot Rural Municipality, Gulmi | 1,10,000.00 | – | 120 days | 3,000 |

2. Date of purchasing, submission and opening of above mentioned bid is :

| Last date of submission of bid | Date of opening of bid | Bank account for Purchasing of bid document (Dhurkot Ga.Pa. Ga. 1.1 Antarik Rajaswo Khata ) | Deposit cash for bid security (Dhurkot Ga.Pa. Ga. 3.1 Sthaniya Taha DharautiKhata) |
|---|---|---|---|
| 2026-02-01, 12:00 PM | 2026-02-01, 13:00 PM | Sunrise Bank Ltd, Barbot Gulmi 0910501307703007 | Sunrise Bank Ltd, Barbot Gulmi 0910501307701002 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further information the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on 9857067917, 9857064771.

**Chief Administrative Officer**

---

# Bardaghat Municipality
## Office of the Municipal Executive
**Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal**

## INVITATION FOR BIDS (E-BIDDING ONLY)

**Publication Date: 2025/12/31**

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following work.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT &Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/ NCB/Works /19/082/083 | Road Upgrading works connecting Potaha to the western side of the Bardaghat Municipality (wards No. 14 and 15) via Annapurna Irrigation Boring up to the Chaupatta Livestock Market-Triveni Connecting Road | 90/120 days | 2,145,533.33 | 54,000 | 3,000 |

| **Account No. for bid document purchase fee:** | **Account No. for bid security deposit:** |
|---|---|
| **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office**: Bardaghat Municipality, Bardaghat<br>**Account Number (AntarikRajaswo)**: 0832050028211002 | **Name of Bank**: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office:** Bardaghat Municipality, Bardaghat<br>**Account Number (DharautiKhata)**: 8341498482524004 |
| **Deadline of bid submission**<br>2026/02/01 till 12:00 Noon (NCB) | **Date and time of bid opening**<br>2026/2/1 at 1:00 PM (NCB) |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# 'धितो मात्र सुरक्षा होइन, समुदाय नै लघुवित्तको आधार हो'

*२०७० सालमा स्थापना भएको उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड रूपन्देहीको भैरहवामा प्रधान कार्यालय भएको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो । २०७७ सालमा रूपन्देहीको भैरहवामा प्रधान कार्यालय भएको उन्नति र सर्लाहीको हरिवनमा प्रधान कार्यालय भएको सहकार्य लघुवित्त वित्तीय संस्थासँग मर्ज भएर बनेको उन्नति सहकार्यको हाल चुक्ता पुँजी २४ करोड ६८ लाख रुपैयाँ रहेको छ । कूल तीन अर्ब ८३ करोड रुपैयाँ कर्जा लगानी गरेको संस्थाले एक अर्ब २१ करोड रुपैयाँ निक्षेप संकलन गरेको छ । करिब ७० हजार ग्राहकलाई सेवा दिइरहेको संस्थामा हाल ३३ हजार जना कर्जाग्राही छन् भने ८२ वटा शाखा कार्यालयमा दुई सय ४५ भन्दा बढी कर्मचारीहरूले प्रत्यक्ष रोजगार पाएका छन् । २०८१ चैत्र २८ गतेदेखि संस्थाको प्रमुख कार्यकारी अधिकृतको भूमिकामा रहनु भएका युवा सिइओ* **गोविन्द वाग्ले***सँग देशको अर्थतन्त्र र वित्तीय क्षेत्रको वर्तमान अवस्थामा आधारित भई दैनिक लुम्बिनीका लागि* **पोसकान्त पोखरेल***ले गरेको कुराकानीको संक्षिप्त सम्पादित अंश :*



गोविन्द वाग्ले
प्रमुख कार्यकारी अधिकृत
उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड

**» केही समययता लघुवित्त संस्थाहरू विरुद्धका आवाजहरू धेरै सुनिन्छन् नी, किन होला ?**

विगत केही वर्षदेखि देशमा आर्थिक सिथिलता छाएको छ । आर्थिक सिथिलतासँगै व्यवसायमा मन्दी छाएको छ । यही कारण पनि यस्ता आवाजहरू यदाकदा आइरहेका छन् ।

**» हिजो ग्रासरूटको विकास गर्ने भनेर धमाधम लघुवित्त संस्था सञ्चालनमा राज्यले अनुमति दियो, तर राज्यको उद्देश्यअनुरूप लघुवित्त संस्थाहरू सञ्चालन हुन नसक्दा वर्तमानमा समस्या त देखिएको होइन ?**

पक्कै पनि वित्तीय पहुँचमा अभिवृद्धि गर्ने उद्देश्यले लघुवित्त संस्था सञ्चालनको लागि अनुमति दिइएको थियो । यद्यपि जुन हिसाबले विशेष गरी ग्रामीण भेगमा वित्तीय पहुँचमा अभिवृद्धि हुनुपर्ने थियो सोही बमोजिम लघुवित्तको कार्यक्रम विस्तार हुन नसकेको पक्कै पनि हो । संस्थाहरू बढी मात्रामा सहरी र अर्धसहरी क्षेत्रमा केन्द्रीकृत भएको अवस्थालाई नकार्न सकिँदैन । यति हुँदाहुँदै पनि लघुवित्तले पुऱ्याएको योगदान अतुलनिय छ । वर्तमानमा जुन समस्याहरू देखिएका छन् ति समस्याहरू एकै पटक देखिएका होइनन् । ति समस्याहरूमा विगतदेखिका संस्थाहरूका काम गर्ने तौरतरिका तथा अभ्यास, राज्यले लिएको नीति तथा उपयूक्त वातावरणको निर्माणमा भूमिका, देशको समग्र आर्थिक तथा राजनैतिक अवस्था, वित्तीय साक्षरताको ज्ञान इत्यादिलगायत धेरै कुराहरूको भूमिका रहेको छ । जहाँ ठुला बैंक तथा वित्तीय संस्थाहरूको पहुँच पुग्दैन त्यहाँ पुगेर लघुवित्त संस्थाहरूले पहुँच वृद्धिमा महत्वपूर्ण भूमिका खेलेका छन् । तर केही समस्या चाँही पछिल्लो समयमा धेरै लघुवित्त संस्थाहरूको कार्यक्षेत्र एकै ठाउँमा हुँदा, सेवाग्राहीले सबै लघुवित्त संस्थाबाट कर्जा लिन थाल्नुभयो, जसले गर्दा उहाँहरूमा कर्जाको भार बढ्दै गयो र कोभिड पश्चात व्यवसायमा सुस्तता देखिएकाले त्यसको परिणाम आजको दिनमा केही अप्ठेरो भएको कुरा केही हदसम्म सत्य मान्न सकिन्छ ।

**» लघुवित्त संस्थाबिचको अस्वस्थ प्रतिस्पर्धाले कर्जा दुरूपयोग बढाएको हो त ?**

केही हदसम्म त्यो कुरा पनि स्वभाविक नै मान्न सकिएला । तर हामीले त्यो फ्याक्टरलाई कसरी हेर्नु पऱ्यो भने समग्र रूपमा राज्यको पोलिसी, व्यक्तिको मनोविज्ञान, लघुवित्त संस्थाविरुद्धका अराजक गतिविधि, विभिन्न समयमा भएका आन्दोलन, जस्ता धेरै कारणले लघुवित्त संस्थामा केहि अप्ठेरो अवस्थाहरू देखिए । कर्मचारीको सुरक्षा संवेदनशिलताको कारण काम गर्ने कर्मचारीहरूमा मनोबल गिर्न पुग्यो, जसले काम गर्ने वातावरणमा पनि ठुलो प्रभाव परेको अवस्था छ । कोभिड पछाडिका विभिन्न घटनाक्रमहरूलाई नियाल्ने हो भने आजको अवस्था आइपुग्न कुनै एक कारण मात्र सोको कारक तत्व नभई धेरै कारणहरू जोडिएका छन् । लघुवित्त संस्थाहरूले शतप्रतिशत राम्रो गरेका छन् भन्ने मेरो दाबी होइन । कर्जा सदुपयोगका कुरा, लगानी गर्ने कुरामा विचार पुऱ्याउनु पर्छ र पर्थ्यो, मुख्य समस्या धेरै संस्थाको काम गर्ने स्थान एकै ठाउँ हुनु पनि हो । यद्यपि कर्जाको सही उपयोग हुन नसक्नुमा मुख्य कारणचाहिँ देशको लामो समयदेखिको आर्थिक संकुचन नै हो ।

**» ति समस्या समाधानको लागि यहाँहरूले कुनै रणनीतिक कार्यहरू गर्नु भएको छैन ?**

वर्तमानमा देखिएका समस्याहरू माथि कसरी आए र कसरी समाधान गर्ने भन्ने कुरामा विभिन्न फोरमहरूमा छलफल हुँदै आएको छ । राष्ट्र बैंकसँग समन्वय गरेर नीति तथा नियम सुधारतर्फ ध्यान दिइएको छ । सुपरीवेक्षणलाई प्रभावकारी बनाइएको छ । आन्तरिक रूपमा संस्थालाई बलियो बनाउने, कार्यक्रमको गुणस्तर सुधार्ने, कर्मचारीको मनोबल बढाउने र सेवाग्राहीसँग सुमधुर सम्बन्धकायम गर्ने रणनीतिमा जोड दिइएको छ । कर्जा अशुली समस्यालाई संवाद र सहकार्यबाट समाधान गर्ने प्रयास भइरहेको छ । अहिलेको अवस्था हेरेर समयको मागअनुसार आन्तरिक रूपमै बलियो भएर चल्नुपर्ने अवस्था छ । सेवाग्राहीका वास्तविक समस्याहरू के हुन त भनेर पहिचान गर्ने जस्ता कार्यहरू हुँदै आएका छन् ।

पछिल्लो समयमा राष्ट्र बैंकले नै सेवाग्राहीलाई सुविधाको लागि कर्जा पुनतालिकिकरण तथा अन्य विभिन्न सहजताको व्यवस्था ल्याएको छ । तर समग्र रूपमा सुरक्षित अवतरणको लागि त देशको राजनीतिक अवस्था स्थिर हुनु जरूरी हुन्छ । लगानी सुरक्षितको वातावरण हुनु जरूरी छ । जबसम्म लगानीमैत्री वातावरण बन्न सक्दैन तबसम्म आर्थिक क्षेत्रमा चुनौतीहरू थपिँदै जान्छन् । अब भनेको लगानी मैत्रीवातावरण निर्माण गरेर अवसर खोज्दै सम्भावनाहरूलाई कार्यान्वयनमा ल्याउनु जरूरी छ । जसले क्रमिक रूपमा पैसा चलायमान हुँदै एकपछि अर्को सम्भावना र अवसरका क्षेत्रहरू खुल्दै जानेछन् ।

**» अन्य बैंक तथा वित्तीय संस्थाहरूले धितो अनिवार्य राखेर कर्जा प्रवाह गर्ने भएकाले उनीहरूको लगानी तुलनात्मक रूपमा सुरक्षित देखिन्छ । तर लघुवित्त संस्थाहरूले प्रायःविनाधितो कर्जा प्रवाह गर्छन् । यस्तो अवस्थामा लघुवित्तको लगानी कसरी सुरक्षित हुन्छ ? जोखिम व्यवस्थापनको आधार के हो ?**

लघुवित्त संस्था नै न्यून सम्पत्ति भएका, औपचारिक बैंकिङ पहुँचबाट बाहिर रहेका वर्गलाई लक्षित गरेर स्थापना गरिएका हुन् । त्यसैले लघुवित्तको जोखिम व्यवस्थापनको आधार धितो मात्र होइन, मानव व्यवहार, सामाजिक उत्तरदायित्व र सामूहिक प्रतिबद्धता हो । राष्ट्र बैंकको व्यवस्थाअनुसार कुल कर्जाको एक तिहाइसम्म धितोमा लगानी गर्न सकिने प्रावधान रहेको छ र हामीले धितो हुने सेवाग्राहीसँग धितो राखेरै कर्जा प्रवाह गरेका छौं । साथै धितो नहुने हकमा सामूहिक जमानी, एकाघर परिवारका सदस्यको मञ्जुरीनामा, ऋणिको आय-आर्जन क्षमता, व्यावसायिक योजना र आचरणको गहिरो मूल्याङ्कन गरेर अत्यन्त सावधानी पूर्वक कर्जा प्रवाह गरिन्छ । यस अर्थमा लघुवित्तको सुरक्षा प्रणाली कागजी धितोमा मात्र सीमित नभई समुदायमा आधारित विश्वास, निरन्तर अनुगमन र सामाजिक दबाबमा आधारित हुन्छ । यही मोडेलकै कारण जोखिम हुँदाहुँदै पनि लघुवित्तले दशकौँदेखि वित्तीय पहुँच विस्तार र जनस्तरको आर्थिक सशक्तीकरणमा प्रभावकारी भूमिका खेल्दै आएका हुन् ।

**» उन्नति सहकार्यले त्यो व्यवस्थालाई कार्यान्वयनमा ल्याएको छ ?**

छ, कूलकर्जाको करिब करिब २३ प्रतिशत जति धितो राखेर कर्जा प्रवाह गरेका छौं । राष्ट्र बैंकको पछिल्लो नीतिअनुसार धितोसहित १५ लाख रुपैयाँसम्म कर्जा प्रवाह गर्न पाउने व्यवस्था रहेको छ । त्योभन्दा पहिले धितो पनि सात लाख रुपैयाँ र बिना धितो पनि सात लाख रुपैयाँसम्म कर्जा लगानी गर्न पाउने व्यवस्था थियो । हामी धितो भएको अवस्थामा धितो राखेर र नभएको अवस्थामा बिना धितो नै लगानी गरेको अवस्था छ ।

**» बिनाधितो कर्जा दिने प्रक्रिया के छ ? लगानी नउठे के गर्ने ?**

सामूहिक रूपमा धनजवानी बस्ने, एकाघर परिवारका सदस्यहरूको मन्जुरीनामा लिने, ऋणिको कर्जा तिर्ने क्षमता र आचरणको मूल्याङ्कन गरी धेरैभन्दा धेरै सावधानी अपनाएर कर्जा प्रवाह गर्दछौं । नियमित रूपमा कर्जाग्राहीसँग संवाद गरी समस्या समाधानमा केन्द्रित हुन्छौं । यति हुँदाहुँदै पनि कर्जा अशुलउपर हुन नसकेको अवस्थामा कानुनी उपचार बाहेकका अन्य विकल्पहरू हामीसँग हुँदैनन् ।

**» लघुवित्त वित्तीय संस्थाहरूले जनस्तरको आर्थिक सवलीकरणमा कस्तो भूमिका खेलेका छन् ?**

लघुवित्त संस्था भनेको वित्तीयपहुँच वृद्धिको लागि ग्राहकको घरदैलोमापुगेर सेवादिने संस्थाहरू हुन् । विशेष गरेर कतिपय मानिसहरूसँग आइडिया पनि हुँदैन र मैले के गर्न सक्छु भन्ने कुराको सोँच पनि नहुन सक्छ । उहाँहरूलाई वित्तीय साक्षरताको माध्यमबाट कामप्रति आधार तयार गरिदिने, व्यवसायमा लाग्नको लागि प्रेरणा दिई लगानी गरिदिने । ग्रामीण भेगमा पीछडिएका वर्गहरूमा ठुला वित्तीय संस्थाहरूसँग पहुँच नहुने हुँदा उहाँहरूलाई सामाजिक, आर्थिक रूपमा धेरै कठिनाइहरू रहेका हुन्छन् । केही गरौं र बिहान साँझको हातमुख घरपरिवारमा खुशीको साथ जोरौं भन्ने हुन्छ । तर सानो पुँजीकै अभावले त्यो पूरा गर्न नसकिरहेको अवस्थामा उहाँहरूका स-साना व्यवसाय तथा कृषिकर्म गरेर जीवनलाई सफल बनाउने चाहना पूरा गर्न वित्तीय पहुँच पुऱ्याउने कार्य पनि लघुवित्त संस्थाहरूले गरेका छन् । लघुवित्तबाट थोरै कर्जा लिएर प्रगति गरेका उदाहरणहरू हामीसँग धेरै छन् । कर्जा लिनेहरूको त्यो भिडमा कर्जा सदुपयोग नगरेर दुरूपयोग गर्नेहरू पनि छन् । लघुवित्तसम्बन्धी वर्तमानमा धेरै अनावश्यक हल्लाहरू फैलाउनेहरू पनि तीनै हुन् । असल व्यक्तिबाट कदापी पनि सत्यताप्रति प्रहार हुन सक्दैन ।

**» लघुवित्त क्षेत्रका समस्या र राज्यको नीति के छ ?**

राज्यको नीतिसँग लघुवित्तको तालमेल भएको भए यो प्रकारका समस्याहरू आउने थिएनन् । सरल हिसाबले विश्लेषण गर्नुपर्दा वर्तमान अवस्थामा लघुवित्तप्रति भएका नकारात्मक टिप्पणीहरू हुनुमा धेरै कुराहरूको भूमिका रहेको छ । जब सरकार र देश प्रति जनविश्वास गुम्दछ, मानिसहरूले आफ्नो भविष्य देख्न सक्दैन मानिसहरूको मनोविज्ञानले राम्रो काम गर्न सक्दैन । प्रत्येक व्यक्तिले कानुनी राज्यको आभास गर्न सक्नुपर्छ । तर त्यो अवस्था अत्यन्त न्यून छ । अब संस्थाबाट कर्जा लिएको छ । समयमा कर्जा नतिरेर अशुलीको लागि ताकेता गर्नु पर्छ । तर कर्जा उठाउन जाँदा सकुशल फर्किन्छ कि फर्किँदैन भन्ने मनोत्रास आमवित्तीय क्षेत्रमा कार्यरत कर्मचारी वर्गहरूमा रहेको छ । राज्यको पोलिसी यो हुन जरूरी छ की लघुवित्त वित्तीय संस्थाले गलत गरेका छन् भने उनीहरूलाई पनि कडाभन्दा कडा कारबाही गर्नुपर्छ । होइन भने कर्जा लिएपछि तिर्नुपर्छ भन्ने मान्यताको राज्यले नागरिकलाई दायित्वबोध गराउनु जरूरी देखिन्छ ।

**» प्रसँग बदलौं, अहिले देशकै अर्थतन्त्रमा केही समस्या देखिन्छ । समस्या देखिनुलाई वित्तीय क्षेत्रले उत्पादनमूलक क्षेत्रमा लगानी कम गर्दाको परिणामको रूपमा लिन मिल्छ ?**

केहीहदसम्म सत्य हो । विगतमा उत्पादनशील क्षेत्रमा जानुपर्ने पुँजी ठूलो मात्रामा घरजग्गा जस्तो अनुत्पादक क्षेत्रमा केन्द्रित भयो । घरजग्गाको कारोबार चलायमान हुँदा पैसा घुमिरहे जस्तो देखिए पनि त्यो दीर्घकालीन रूपमा अर्थतन्त्रका लागि स्वस्थ्य थिएन । जब रियलस्टेट सुस्तायो, पैसा त्यहीँ डम्प भएर बस्यो, जसको प्रत्यक्ष असर उद्योग, कृषि, रोजगारी र समग्र आर्थिक गतिविधिमा पर्न गयो । बैंक तथा वित्तीय संस्थाको लगानी पनि बढी मात्रामा रियलस्टेटमा केन्द्रित हुँदा जोखिम एकै ठाउँमा जम्मा भयो, जसले अहिलेको आर्थिक संकुचनलाई थप गहिरो बनाउन पुग्यो । जसले देशमै केही गरौं भन्ने सोंच हराउँदै जाँदा युवावर्गलाई विदेसिन बाध्य बनायो ।

**» मुख्य कारण चाहिँ के मान्न सकिन्छ ?**

लगानी मैत्रीवातावरणको अभाव नै प्रमुख हो । देशमै बसेर केही गरौँ भन्ने चाहना हुँदाहुँदै पनि नीति, अस्थिरता, लगानी असुरक्षा, रोजगारीको अनिश्चितता र भविष्यप्रतिको अन्योलले युवाहरूलाई निरूत्साहित बनाएको पाइन्छ । राज्यको नीति प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा युवामा भरोसा घट्दै जानुको परिणामको रूपमा हेर्न सकिन्छ ।

**» समस्याहरू एकैपटक देखिएका हुन् त ?**

होइन, यी समस्याहरू दीर्घकालीन अभ्यास, नीतिगत कमजोरी, कार्यशैली र पछिल्ला घटनाक्रमहरूको परिणाम हुन् । कोभिडपछिका आर्थिक झट्का, राजनीतिक अस्थिरता र सामाजिक मनोविज्ञानले आजको अवस्था सिर्जना गरेका कारक तत्व हुन् ।

**» सुरक्षित अवतरणका लागि अब के आवश्यक छ ?**

राजनीतिक स्थिरता, लगानीमैत्री वातावरण र नीतिगत स्पष्टता अपरिहार्य छ । लगानी सुरक्षित हुने वातावरण बनेपछि मात्रै पुँजी चलायमान हुन्छ । नयाँ सम्भावना र अवसरका क्षेत्र खुल्छन् । यही बाटोले मात्र अर्थतन्त्रलाई क्रमिक रूपमा पुनर्जीवित गर्न सकिन्छ । देशको आर्थिक अवस्था पनि गम्भीर हुनु, लघुवित्तविरुद्धका गतिविधिहरू हुनुले समग्र लघुवित्त क्षेत्रलाई अप्ठ्यारोमा पारेको अवस्था हो । पछिल्लो समयमा बढी समस्या भनेको कर्जा असुलीमा रहेको छ । त्यसका लागि सेवाग्राहीसँग असल सम्बन्ध कायम गरेर सम्बन्धलाई सुमधुर बनाएर कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेमा राष्ट्र बैंकको पनि जोड रहेको छ । हामीहरू पनि कसरी सञ्चालित हुँदा सबैको हीत हुन्छ भन्ने कुरामा जोड दिएका छौं । कर्मचारीहरूलाई मोटिभेसन गर्ने र ग्राहकसँग असल सम्बन्ध कायम गरी कार्यक्रम सञ्चालन गर्ने कुरालाई हामीले जोड दिएका छौं । सबै पक्षको सामूहिक प्रयासबाट छिट्टै एउटा सहजतामा पुगिन्छ ।

## बुटवलमा किया शोरूमको उद्घाटन




बुटवल । कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रा. लि. द्वारा सञ्चालित किया नेपालले बुटवलमा आफ्नो शोरूम सञ्चालन गरेको छ । अंग्रेजी नयाँ वर्ष २०२६ को पहिलो दिन बिहीबार बुटवलमा एक समारोहका बिचमा शोरूम उद्घाटन गरिएको हो ।

किया नेपालले पश्चिम नेपालमा आफ्नो उपस्थिति थप विस्तार गर्दै किया बुटवल शोरूमको औपचारिक उद्घाटन गरिएको प्रालिका डाइरेक्टर रेखा घिमिरेले बताइन् ।

उनले बुटवलको शोरूममार्फत् ग्राहक पहुँच विस्तार गर्नुका साथै प्रिमियम अटोमोबाइल अनुभव प्रदान गर्ने किया नेपालको प्रतिबद्धतालाई थप मजबुत बनाएको दाबी गरिन् ।

एक्जुकेटिभ डाइरेक्टर टंकप्रसाद भट्टले कालिकानगर बुटवलमा रहेको यो शोरूम नेपालका लागि किया ब्रान्डको एकमात्र अधिकृत वितरक रहेको बताए ।

उनका अनुसार यहाँ कियाको विश्वव्यापी शोरूम मापदण्डअनुसार डिजाइन गरिएको यस सुविधामा किया ब्रान्डका नवीनतम सवारी साधनहरूको प्रदर्शनी, व्यावसायिक बिक्री परामर्श तथा ग्राहक सहायता सेवा उपलब्ध गराइनेछ ।

मार्केटिङ हेड अनिश लामिछानेले तीव्र रूपमा विकास भइरहेको व्यावसायिक केन्द्र बुटवलमा किया नेपालको डिलर सञ्जाललाई थप सुदृढ गर्ने महत्वपूर्ण कदमका रूपमा लिइएको बताए । उनले नयाँ सालमा इभि, पेट्रोल र हाइडोलिक गाडी भित्राउने योजना रहेको जनाए ।

बुटवल उद्योग वाणिज्य संघका महासचिव मुक्ति अधिकारीले बुटवलमा व्यवसाय गर्न आएकोमा धन्यवाद दिँदै स्वागत गरे । उनले मध्यम वर्गका व्यक्तिहरुले चढ्ने गाडी पनि भित्राउन आवश्यक रहेकोमा जोड दिए ।

किया बुटवल शोरूमले पश्चिम नेपालमा किया सवारी साधनप्रतिको बढ्दो माग पूरा गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको बुटवल शोरूम प्रमुख रवि जिसिले जानकारी दिए ।

किया नेपाल, कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज प्रा. लि. द्वारा सञ्चालित, प्रगतिशील डिजाइन, उन्नत प्रविधि तथा ग्राहक केन्द्रित मोबिलिटी समाधानका लागि विश्वभर परिचित अटोमोबाइल ब्रान्ड कियाको आधिकारिक प्रतिनिधि हो । किया नेपालले देशभर आफ्नो उपस्थिति विस्तार गर्दै ग्राहकहरूलाई प्रिमियम उत्पादन र सेवा प्रदान गर्दै आइरहेको छ ।

## अटो मेकानिक्सको ईभी मर्मतसम्बन्धी क्षमता अभिवृद्धि

बुटवल । बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन, रूपन्देही लुम्बिनीको आयोजनामा विद्युतीय सवारी (ईभी) मर्मतसम्भारसम्बन्धी क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ ।

नेपाल अटो मेकानिक्स व्यवसायी महासंघको सहकार्य तथा भिजि मोटर्सको प्राविधिक सहयोगमा उक्त कार्यक्रम सञ्चालन हुन लागेको हो ।

बुटवल उप-महानगरपालिका-२, अजिरसिंह नगर (मैनाबगर) स्थित विश्वकर्मा बाबा प्रशिक्षण हलमा आयोजना गरिएको तालिमको उद्घाटन महासंघका केन्द्रीय उपाध्यक्ष ज्योति भण्डारीले गरेका थिए ।

उनले बढ्दो विद्युतीय सवारी प्रयोगसँगै ईभी मर्मतसम्भारमा दक्ष जनशक्तिको आवश्यकता बढ्दै गएको सन्दर्भमा अटो मेकानिक्स तथा सम्बन्धित प्राविधिकहरूको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए । उनले तालिमले व्यवहारिक ज्ञान सिक्न पाउँदा ग्यारेजमा ईभी आउँदा ग्राहक फर्काउने वातावरण अन्त्य हुने दाबी गरे ।



बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन, रूपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचनले अटो मेकानिक्सको क्षमता बिस्तार र संस्थागत विकासमा निरन्तर संस्था लागिरहेको बताए ।

सो अवसरमा संस्थाका उद्योग उपाध्यक्ष ध्रुवराज भुसाल, वाणिज्य उपाध्यक्ष बाबुराम आचार्य, महासचिव पूनित पोखरेललगायतले बोलेका थिए ।

भिजि मोटस्का सम्राट न्यौपानेले ईभी सवारीको संरचना, मर्मत प्रविधि, सुरक्षा सावधानी, तथा आधुनिक प्रविधिसम्बन्धी व्यावहारिक जानकारी प्रदान गरेका थिए ।

बिहान ९ बजेदेखि दिउँसो ४ बजेसम्म सञ्चालन भएको एकदिने तालिममा मैनाबगरबा अटो व्यवसायी तथा मजदुरका साथै कोरियन नेपाल प्राविधिक बहु शिक्षालय तथा पश्चिम पृतना गढका प्राविधिकहरु गरि ६० जना सहभागी रहेको कार्यालय प्रमुख हिमाल खनालले जानकारी दिए ।


# अनुरोध

- बालबालिका, महिला, अपाङ्गता भएका र जेष्ठ नागरिकलाई सम्मान गरौं ।
- महिला हिंसा अन्त्य गरौं, कुरा होइन काम गरौं ।
- महिला मानव अधिकारको रक्षा गरौं ।
- प्रथा परम्पराका नाममा महिलामाथि हुने हिंसा अन्त्य गरौं ।
- आर्थिक कार्यमा महिला सहभागिता बढाऔं ।
- हिंसामुक्त परिवारः हामी सबैको सरोकार ।
- बालबालिका हुन भविष्यको कर्णधार यी हुन् हाम्रा विकासको आधार ।
- बालमैत्री स्थानीय शासन बाल सहभागिताको सम्मान र सुशासन ।
- बालबालिकाको कुरा सुनौं, बालदुर्व्यवहारको अन्त्य गरौं ।
- बालबिवाह रोकौं छोरीको भविष्य आजै देखि सोचौं ।
-फरक क्षमता (अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक व्यवहार गरौं ।
- जेष्ठ नागरिक अनुभवका खानी, सम्मान गरौं मार्गदर्शक ठानी
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको सम्मान र माया गरौं ।

न्यायिक समिति
सुनवल नगरपालिका
नवलपरासी, लुम्बिनी प्रदेश नेपाल

# सरावल गाउँपालिकाको अनुरोध

-भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
-स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन सममया नै कर तिरौं ।
- जन्म, मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा गरौं ।
-फोहोरको उचित व्यवस्थापन गरौं ।
-कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं ।
-वातावरण जोगाउन वृक्षरोपण गरौं ।
-अनावश्यक घर बाहिर भिडभाडमा बढी नजाने ।

अनुरोधक :
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प), लुम्बिनी प्रदेश, नेपाल


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com